**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रले आज आफ्नो ७७ औं गणतन्त्र दिवस मनाइरहेको छ।

- ७७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति द्रौपदी मुर्मुले हिज देशको आर्थिक भाग्य निर्माण गर्ने यात्रामा आत्मनिर्भरता र स्वदेशी मार्गदर्शक सिद्धान्तहरू रहेको बताउनुभएको छ।

- राष्ट्रपतिले द्रौपदी मुर्मुले २०२६ को लागि १३१ पद्म पुरस्कार प्रदान गर्न अनुमोदन गर्नुभएको छ।

- हिजो गुवाहाटीमा भएको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खलाको तेस्रो म्याचमा भारतले न्युजिल्याण्डलाई आठ विकेटले पराजित गर्‍यो।

**गणतन्त्र दिवस परेड**

राष्ट्रले आज आफ्नो ७७ औं गणतन्त्र दिवस मनाउँदैछ। राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथमा औपचारिक परेडमा राष्ट्रको नेतृत्व गर्नु हुनेछ। गणतन्त्र दिवस परेड बिहान १०:३० बजे सुरु हुनेछ र लगभग ९० मिनटसम्म चल्नेछ। प्रस्तुत छ हाम्रा संवाददाताको रिपोर्ट ...

**गणतंत्र दिवस यातायात परामर्श**

दिल्ली पुलिसले गणतंत्र दिवस परेड अनि संबंधित सांस्कृतिक कार्यक्रमहरुलाई ध्यानमा राख्दै यातायात परामर्श जारी गरेको छ। गणतंत्र दिवस परेड विजय चौकदेखि लाल किलासम्म आफ्नो पारंपरिक मार्गबाट निस्कनेछ। यसको सुचारू संचालनको लागि व्यापक यातायात व्यवस्था गरिएको छ। दिल्ली पुलिसले मानिसहरुसित प्रतिबंधित समयको अवधि मध्य दिल्लीको मार्गहरुबाट यातायात नगर्ने सलाह दिएको छ। पुलिसले प्रतिबंधित क्षेत्र अनि वैकल्पिक मार्गहरु बारे सूचित गरेको छ। हिज रातीदेखि लागू यातायात प्रतिबंध परेडको अवधि जारी रहनेछ। कर्तव्य पथ, परेड समाप्त भइञ्जेलसम्मको यातायातको लागि बंद रहनेछ। आज दिउँसो 2 बजे सम्म विजय चौक अनि इंडिया गेट बीच कर्तव्य पथमा कुनै क्रॉसिंग को अनुमति हुने छैन। यस बाहेक, इंडिया गेट नजिक सी-हेक्सागन बिहान नौ बजेर १५ देखि यातायातको लागि बंद रहनेछ। तिलक मार्ग, बहादुर शाह जफर मार्ग अनि नेताजी सुभाष मार्गमा बिहान साढ़े दस बजेदेखि यातायात डायवर्ट गरिएको छ। दिल्ली मेट्रोले आज बिहान 3 बजे देखि सबै लाइनहरुमा आफ्नो सेवाहरु शुरू गरेको छ जसद्वारा मानिसहरु कर्तव्य पथ पुगेर गणतंत्र दिवस समारोहको आनंद लिन सकोस्।

**राष्ट्रपति सम्बोधन**

७७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति द्रौपदी मुर्मुले हिज देशको आर्थिक भाग्य निर्माण गर्ने यात्रामा आत्मनिर्भरता र स्वदेशी मार्गदर्शक सिद्धान्तहरू रहेको बताउनुभएको छ। उहाँले भारतका युवा उद्यमीहरू, खेलाडीहरू, वैज्ञानिकहरू र पेशेवरहरूलाई राष्ट्रलाई ऊर्जावान बनाउने र विश्वव्यापी रूपमा आफ्नो छाप छोड़ेकोमा

प्रशंसा गर्नुभयो। राष्ट्रपतिले देशमा विश्वको सबैभन्दा ठूलो युवा जनसंख्या रहेको अनि देशका युवाहरूमा अपार प्रतिभा रहेको बताउनुभयो। राष्ट्रपति मुर्मुले देशको ठूलो संख्यामा युवा जनसंख्याले स्वरोजगार मार्फत सफलताका प्रभावशाली उदाहरणहरू प्रस्तुत गरिरहेको पनि बताउनुभएको छ। उहाँले वैश्विक अनिश्चितताहरु रहेता पनि भारतले, लगातार आर्थिक विकास गरिरहेको बताउनुभयो। उहाँले भारत विश्वको सबै भन्दा तिव्र गतिमा अघि बढ़िरहेको अर्थव्यवस्था रहेको बताउनुभयो। राष्ट्रपतिले देश निकट भविष्यमा विश्वको तेस्रो सबै भन्दा ठुलो अर्थव्यवस्था बन्ने लक्ष्य प्राप्त गर्ने दिशामा अघि बढ़िरहेको पनि बताउनुभएको छ। जीएसटी व्यवस्थालाई अझ अधिक प्रभावी बनाउने सरकारको निर्णयको उल्लेख गर्नुहुँदै उहाँले यसद्वारा देशको अर्थव्यवस्था अझ सशक्त हुने बताउनुभयो। राष्ट्रपतिले हालको श्रम सुधारहरुद्वारा कामगारहरुलाई लाभ हुने तथा उद्यमहरुको विकासमा तिव्रता आउने पनि बताउनुभयो।        राष्ट्रपति द्रौपदी मुर्मले राष्ट्र प्रथमको भावना सित काम गर्ने तथा भारतलाई अझ अधिक गौरवशाली बनाउने दिशा मा काम गर्ने आग्रह गर्दै गणतंत्र दिवस, राष्ट्र भक्तिको भावनालाई सशक्त बनाउने अवसर रहेको बताउनुभयो। उहाँले भारतको संविधान विश्वको इतिहासमा सबै भन्दा ठुलो गणतंत्रको मौलिक दस्तावेज रहेको बताउनुभयो। राष्ट्रपतिले भन्नुभयो संविधानमा निहित न्याय, स्वाधीनता, समानता अनि बंधुत्वको भावना देशको गणतंत्रलाई परिभाषित गर्दछ। उहाँले भन्नुभयो संविधान निर्माताहरुले राष्ट्रीयताको भावना अनि देशको एकतालाई संवैधानिक प्रावधानहरुको माध्यमबाट सुदृढ़ आधार प्रदान गरेको छ। राष्ट्रपति द्रौपदी मुर्मुले आफ्नो संबोधनमा गत वर्ष ऑपरेशन सिंदूरको माध्यमबाट गरिएको सटीक हमलाद्वारा आतंकवादी ढांचालाई ध्वस्त पार्ने देशको उपलब्धिको पनि उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो भारतले रक्षाको क्षेत्रमा आत्मनिर्भरताको कारण ऑपरेशन सिंदूर मा सफलता प्राप्त गरेको हो। राष्ट्रपतिले देशमा स्टार्ट-अप्सको सफलता मुख्य रूपले भारतका युवा उद्यमीहरु द्वारा संचालित रहेको बताउनुभयो। उहाँले देशका युवा शक्ति 2047 सम्म विकसित भारत बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पनि बताउनुभयो। राष्ट्रपतिले भारतका महिलाहरुले देशको समग्र विकासमा सक्रिय योगदान दिइरहेको बताउनुभयो। उहाँले खेलहरुको क्षेत्रमा देशका छोरीहरुले विश्वस्तर मा नयाँ कीर्तिमान स्थापित गरेको बताउनुभयो। राष्ट्रपतिले अन्नदाता किसान समाज अनि अर्थव्यवस्थाको मेरूदण्ड रहेको बताउनुभयो। दशको गरीबीसित जुझिरहेको करोडौं देशवासीहरुलाई गरीबी रेखादेखि माथि ल्याइएको राष्ट्रपतिले बताउनुभयो। अन्त्योदयको संवेदनालाई कार्यरूप दिने विश्वको सबैभन्दा ठुलो योजना **प्रधानमंत्री गरीब कल्याण अन्न योजना** 140 करोड भन्दा अधिक जनसंख्य भएको हाम्रो देशमा कोई पनि भोको नरहोस् भन्ने सोंचमा आधारित रहेको राष्ट्रपतिले बताउनुभयो। उहाँले प्रकृतिसित सदभावको जीवन-शैली भारतको सांस्कृतिक परंपराको भागरहेको बताउनुभयो। राष्ट्रपतिले भन्नुभयो मानवताको भविष्य तब मात्र सुरक्षित हुनेछ जब समस्त विश्वमा शांति हुनेछ। विश्वको धेरै भागहरुमा संघर्षको स्थिति रहेता पनि भारतले, विश्व शांतिको संदेश फैलाइरहेको राष्ट्रपति द्रौपदी मुर्मु बताउनुभएको छ।

**पद्म-पुरस्कार**

राष्ट्रपतिले द्रौपदी मुर्मुले २०२६ को लागि १३१ पद्म पुरस्कार प्रदान गर्न अनुमोदन गर्नुभएको छ। सूचीमा पाँच पद्म विभूषण, १३ पद्म भूषण र १ सय १३ पद्म श्री पुरस्कारहरू समावेश छन्। पुरस्कार विजेताहरूमध्ये १९ महिला छन् र १६ पुरस्कारहरू मरणोपरान्त प्रदान गरिएको छ। असाधारण योगदान पुऱ्याउने सामान्य भारतीयहरूलाई सम्मानित गर्ने सिद्धान्तलाई निरन्तरता दिँदै, यस वर्षको पद्म पुरस्कारले भारतभरीका गुमनाम नायकहरूलाई मान्यता दिनेछ। पद्म विभूषणलाई असाधारण र विशिष्ट सेवाको लागि, उच्च श्रेणीको विशिष्ट सेवाको लागि 'पद्म भूषण' र कुनै पनि क्षेत्रमा विशिष्ट सेवाको लागि 'पद्मश्री' प्रदान गरिन्छ।

**पीएम-इन्टर्न**

गणतन्त्र दिवस समारोहको एक भागको रूपमा सरकारले प्रधानमन्त्री इन्टर्नशिप योजनाका १०० भन्दा बढी इन्टर्नहरूका लागि नयाँ दिल्लीमा तीन दिने कार्यक्रम आयोजना गरेको छ। कर्पोरेट मामिला मन्त्रालयले आज गणतन्त्र दिवस समारोहमा यी इन्टर्नहरू विशेष अतिथि हुने बताएको छ। भ्रमणको क्रममा, उनीहरूले केन्द्रीय मन्त्री हरिश मल्होत्रासँग अन्तरक्रिया गरे र योजनासँग सम्बन्धित आफ्ना अनुभव, आकांक्षा र प्रतिक्रिया साझा गरे। श्री मल्होत्राले यो योजनाले देशका युवाहरूलाई सशक्त बनाउने र उनीहरूलाई नयाँ अवसरहरू प्रदान गर्ने लक्ष्य राखेको बताउनु भएको छ। यो योजनाले सैद्धान्तिक सिकाइ र व्यावहारिक अनुभवबीच

पुलको रूपमा काम गर्नेछ।

## क्रिकेट टी-२०

हिजो गुवाहाटीमा भएको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खलाको तेस्रो म्याचमा भारतले न्युजिल्याण्डलाई आठ विकेटले पराजित गऱ्यो। कप्तान सूर्य कुमार यादवको नेतृत्वमा भारतले शृङ्खलामा ३-० को अजेय अग्रता लिएको छ।भारतले दश ओभरमा दुई विकेट गुमाउँदै १५४ रनको लक्ष्य हासिल गऱ्यो। अभिषेक शर्माले २० बलमा ६८ रन बनाए भने कप्तान सूर्यकुमार यादवले २६ बलमा ५७ रन बनाए। अभिषेक शर्मा टी-२० अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा छिटो अर्धशतक बनाउने दोस्रो भारतीय बने। उनले केवल १४ बलमा अर्धशतक पूरा गरे। जसप्रीत बुमराहले १७ रन खर्चेर तीन विकेट लिएर प्लेयर अफ द म्याच घोषित भए।चौथो टी-२० म्याच बुधबार विशाखापट्टनममा खेलिनेछ।